नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३८९९९
४५११५३३
४५११५०९

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या : ०८१/८२
च. नं. :- २४८८

मिति: २०८२/०३/२२

श्री हिमालयन सोलार भेन्चर्स प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८६०१३६६४० (सागर पाठक)

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित भालु खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरू उल्लिखित समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०३/१९ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

क) प्रस्तावित क्षेत्र <u>मनास्लु संरक्षण क्षेत्रमा</u> पर्ने देखिएको हुनाले देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम सहमति <u>छ महिना</u> भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्न र सो अवधि भित्र सहमति पेश गर्न नसकेमा दरखास्त रद्द हुनेछ।

ख) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम <u>पैतिस (३५)</u> दिनको समयावधि भित्र निम्न विवरणहरू

- यसै कम्पनीबाट प्रस्तावित टोम डोगर ज.वि.आ. (१०७ मे.वा.) र यस आयोजनाको कुल जडित क्षमतालाई रु. दश लाखको प्रति मे.वा.को दरले खाम्ने गरी प्रवर्द्धक कम्पनीको अधिकृत पूँजी नरहेको (हाल रू. पाँच करोड मात्रै भएको) हुनाले कम्पनीको पूँजी वृद्धि गरीएको विवरणहरुको नोटराइज प्रतिलिपि,,
- प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनीको आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्रको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरणहरूको नोटराइज प्रतिलिपि,
- अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति,
- प्रस्तावित क्षेत्रमा भएको पूर्ण हेड उपयोग नभएकोले सो को उपयोग गरीएको अध्याधिक Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको),
- आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा,
- यसै कम्पनीबाट प्रस्तावित टोम डोगर ज.वि.आ. (१०७ मे.वा.) र यस आयोजनाको कुल जडित क्षमतालाई खाम्ने गरी रु. दश लाखको प्रति मे.वा.को दरले खाम्ने विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
- नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व.२०८०/८१ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
- परामर्श दातृ संस्थाको आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि।

(सुजन निरौला)